# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## चक्रघट्टा गाउँपालिका

## सर्लाही




महालेखापरिक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं १ र प्रदेश न २ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः२०७८।७९

च.न १०८ मितिः २०७८।५।४

श्री अध्यक्ष ज्यू,
चक्रघट्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सर्लाही ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

..........................
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९

च.नं.: ६९ मितिः२०७८।५।४

श्री अध्यक्ष ज्यू,
चक्रघट्टा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामी ले चक्रघट्टा, गाउँपालिका आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१ पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन

२ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३७ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु ५ करोड ९७ लाख ४४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ३ लाख. ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३ करोड २६ लाख. ५२ हजार नियमित गर्नुपर्ने रु. ९२ लाख १ हजार पेश्की बाँकी रु ७५ लाख १३ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वितिय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वितिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वितिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वितिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वितिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वितिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वितिय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउँन सक्ने निश्चितता भने हुदैन । वितिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..........................

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# चक्रघट्टा गाउँपालिका, सर्लाही
## लेखापरीक्षण प्रर्तिवेदन
## संचित कोषको आयव्यय विवरण
## २०७६/७७

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | ० |
| | क) नगद | ० | | क) संघिय वितिय सामानिकरण | ० |
| | ख) बैंक (अनुसूचि ञ अनुसार) | ५६६३४०८६।५१ | | ख) प्रदेश वितिय समानिकरण | ० |
| | ग) धरौटी बैंक | ० | | ग) राजश्व बाडफाँड | ३४२३७५५०।८२ |
| | संघिय वितिय हस्तान्तरण | ० | | ३) आन्तरिक श्रोत | ० |
| २ | क) वितिय समानिकर०ा अनुदान | ९६९००००० | २ | पूंजीगत खर्च | ० |
| | ख) सशर्त अनुदान | १२४७०३००० | | क) संघिय वितिय सामानिकरण | ८८८९५९९१।५३ |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | | ख) प्रदेश वित्तिय समानिकरण | ७१६९००० |
| | क) वितिय समानिकरण अनुदान | ७१६९००० | | ग) राजश्व बाडफाँड | ० |
| | ख) सशर्त अनुदान | ५०००००० | | ३) आन्तरिक श्रोत | ० |
| ३ | विषयगत निकासा रकम | ० | ३ | सशर्त अनुदान खर्च | ० |
| | क) सामाजिक सुरक्षा | ६९९०२००० | | क) संघिय सर्शत अनुदान | १०५४६२६०४।७३ |
| | ख) स्थानीय पूर्वाधार | १५४९१९३६।५० | | ख) प्रदेश सर्शत अनुदान | ५०००००० |
| ४ | ग) तराई मधेश समृदिकार्यक्रम | २५००००० | ४ | विषयगत निकायको खर्च | ० |
| | ३) गरिवसंग विशेश्वर | ० | | क) सामाजिक सुरक्षा | ६९९०२००० |
| | ञ) वहुक्षेत्रीय पोषण | ८१७४३१ | | ख) स्थानीय पूर्वाधार | १५४९१९३६।५० |
| | च) पर्यटन बोर्ड | ० | | ग) तराईमधेश समृदिकार्यक्रम | २५००००० |
| | ५) प्रधानमन्त्री रोजगार | ० | | ३) गरिवसंग विशेस्वर | ० |
| | ज) झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ४५००००० | | ञ) वहुक्षेत्रीय पोषण | ८१७४३१ |
| | झ) संचित कोष | ० | | च) प्रधानमन्त्री रोजगार | ० |
| | ञा) औषधी उपचार | ० | | ५) पर्यटन बोर्ड | ० |
| | ६) बेटि पढाउ बेटी बचाउ | ५०००० | | ज) झोलुगे पुल क्षेत्रगत कार्यक्रम | ४५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७) .......... | ० | | झ) संचित विदा | ० |
| | आन्तरिक आय | ० | | ञा) औषधी उपचार | ० |
| | क) आन्तरिक राजस्व | ० | | ६) स्थानिय तह प्रकोप व्यवस्थापन | १५४९१९३६।५ |
| | ख) राजश्व बाडफाँड | ४१२८५७७५ | | ७)बेटी पचाउ बेटी बचाउ | ५०००० |
| ५ | ग) अन्य आय | | ५ | को.ले.नि.का ।प्र ले.नि.का फिर्ता | ० |
| | राजश्व आम्दानी | २७७४१६८ | | क) सिघिय सशर्त अनुदान | १९२४१४३५।३८ |
| | धरौटी प्राप्ती | २९३०१५४।५ | | ख) प्रदेश सशर्त अनुदान | १०४० |
| | गत वर्षको धरौटी | १७१७०५० | | | ० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | ग) विषयगत फ्रिज हुने शिर्षक | ० |
| ६ | क) स्थानिय तह प्रकोप व्यवस्थापन | १०००००० | ६ | राजश्व दाखिला | ० |
| ७ | ख) | ० | ७ | धरौ6ी फिर्ता | १३२८९१० |
| ८ | वितिय व्यवस्था प्राप्ती | ० | ८ | लगानी | ० |
| ९ | विभिन्न कोष आम्दानी | ० | ९ | वितिय व्यवस्था भुक्तानी | ० |
| १० | क) कर्मचारी कल्याण कोष | २२१२५३३ | १० | अन्तर स्थानीय तहको रकम खर्च | ० |
| | | ० | ११ | विभिन्न कोष खर्च | ० |
| | | ० | | क) कर्मचारी कल्याण कोष | ६९८९९३।८० |
| | | ० | | (खर्च) | १५१३५३९।२० |
| | | ० | १२ | ख) कर्मचारी कल्याण कोष | ५९९६७३७०।५५ |
| | | ० | | (बाकी) | ०।०० |
| | | ० | | बांकी मौज्दात | १७७२०९४।५० |
| | जम्मा | ४३४०४१८३४।५१ | | क) स्रेस्ता अनुसार बांकी | ४३४०४१८३४।५१ |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस चक्रघट्टा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु चक्रघट्टा गाउँपालिकाको उद्देश्य रहेको छ । यस चक्रघट्टा गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, २५.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा २७००० हजार जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td></td><td>लेखापरीक्षणको क्रममा असुली- वडागत नगदी तथा मालपोत ठेली परिक्षण गर्दा निम्नानुसार देखिएको बेरुजु रु. ५१६११।र प्रर्तिक्रियाबाट रु १६६०००० असुलउपर भई नगरपालिकाको संचितकोषमा दाखिला भएको छ ।
<table>
<tr><th>वडा नं</th><th>नाम र पद</th><th>असुली रकम</th></tr>
<tr><td>७</td><td>वडा सचिव उमेश कुमार राय</td><td>६१८३</td></tr>
<tr><td>३</td><td>वडा सचिव कार्यालय सहायक उपेन्द्र कुमार साह</td><td>४५४२८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१६११</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।</td><td></td></tr>
<tr><td>१.</td><td>बित्तिय बिबरण र संचित कोष हिसाव – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्</td><td></td></tr>
<tr><td>२.</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>३.</td><td>जिम्मेवारी फरक पारेकोः गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा श्रेस्ता अनुसारको मौज्दात रु.१२०६०३३०८। रहेकोमा यस वर्षको एकिकृत आ.वि.मा रु. ५६६३४०८६। मौज्दात देखाएकोमा घटी जिम्मेवारी सारेको रु.६३९६९२२२ ।सम्बन्धमा एकिन गरी श्रेस्ता अधावधिक गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>४.</td><td>सुत्रको प्रयोगः नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भएकोमा यस कार्य गाँउपालिकाले सुत्रमा राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>५.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक र बार्षिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा गरेको छैन ।चेक साट्न बाकीको बिबरण तयार नगरि स्थानीय तहले खाता सञ्चालन गर्दा मैज्दात फरक पर्न गएको छ । कार्यालयले चालु र पुजिगत खर्च खातामा रहेको मौज्दात चेक साट्ने अवधि सकिएपछी मात्र २०७७/०४/२८ मा सन्चित कोष खातामा गरेको देखियो । पालिकाबाट पेश भएको विवरणमा स्रेस्ताको मौज्दात धरौटी र कर्मचारी कल्यान कोष बाहेक रु. ५९९६७३७० रहेकोमा बैंक मौज्दात रु. १४५२६५१५१ देखिएकोमा कार्यालयले बैंक समायोजन हिसाब तयार नगरी चेक साट्ने अवधि सकिएपछिको बैंक मौज्दातको आधारमा स्वीकृत आय व्यय विवरण तयार गरेको देखियो । आर्थिक वर्षको अन्तयमा स्रेस्तामा भन्दा बैंक समायोजन हिसाब तयार गरी स्रेस्ता अधावधिक गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

- **अनुदान प्राप्ति, वितरण र फिर्ता**

६. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई रु. २०७४१४३६ बाँकी रहेकोमा कार्यालयले २०७७/१०/२७ मा रु १९२४१४३५ माग फिर्ता गरेको देखिएकोले खर्च नभई बाँकी रहेको १५ लाख सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. १५०००००

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १२६२०३००० | १०५४६२६०४ | २०७४०३९६ |
| | विषेश | | | |
| | समपुरक | | | |
| | अन्य | | | |
| **प्रदेश सरकार** | शसर्त | ५०००००० | ५०००००० | |
| | विषेश | २०००००० | २०००००० | |
| | समपुरक | ३०००००० | २९९८९६० | १०४० |
| | अन्य | | | |
| | **जम्मा** | १३६२०३००० | ११५४६१५६४ | २०७४१४३६ |

७. **काम, कर्तव्य र अधिकार** - स्थानीय तहको अधिकारको (संविधानको अनुसूची-८ मा) उल्लेख छ । स्थानीय तहको अधिकारमा नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ ।

सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा समेत उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ । यस पालिकालाई मात्र संघ वा प्रदेशबाट छुट्टै कानूनको निक्षेपण भएको अवस्था देखिदैन ।

८. **भ्रमण अभिलेख र आन्तरीक नियन्त्रणः**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने कर्मचारीको अनुसुचि-६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने र खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्थापन समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मूल्याँकन शिषर्क बाट रु. १३०५८७० खर्च गरेकोमा नियमावली अनुसार उद्देश्य र काम प्रयोजन नखुलाएको तथा भ्रमण पश्चात प्रतिवेदन पेश नगरेको अवस्थामा सरकारी काम उल्लेख गरी जलेश्वर जनकपुर गएको भनी एकै व्यक्तिको पटक पटकको भ्रमण खर्च लेखेको देखिएकोले काम वेगर भ्रमण खर्च भएकोले मितव्ययीता र आन्तरिक नियन्त्रणमा सुधार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

९. **योजनाः** योजना बाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन ।यस बर्ष गा.पा. स्तरिय ६ वटा वडास्तरिय १०९ वटा गरि ११५ वटा योजना रहेका छन । वडामा योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधारजन्य योजना छनौट गरिनू आवश्यक देखिन्छ ।

१०. **सेवा प्रबाहको स्थतिः** सेवा प्रबाहलाइ चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालीकाले प्रयास ध्यान दिनु पर्दछ ।कार्यालयबाट पेश भएको विवरण अनुसार यस बर्ष पालिकाले पन्जिकरण तर्फ मृत्यु दर्ता १७७ बिबाह ४४२ बसाइ सराइ आएको गएको १५० र जन्मदर्ता १७८२ गरेको देखिन्छ।सेवा प्रबाह सम्बन्धी सबै तथ्यांक एकिकृत गरी भौतिक प्रगति बिबरण अद्यावधिक गर्नु पर्दछ ।

११. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा

| | | |
|---|---|---|
| | आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगर प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले दश वर्ष गाउँ प्रोफायल तयार गरे तापनि विषयवस्तु समेटिएको देखिएन । देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२. | **अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र पालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य योजना बनाई जेष्ठ, असार मिहनामा योजना अनुगमन गरेकोमा कार्यान्वयन गरेको देखिएन । अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गर्ने गरेको देखिएन । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदनमा ऐनले निर्दिष्ट गरेबमोजिम प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १३. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाजा खाना तथा अन्य विविधतर्फ मात्र रु २५९२६८० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषकलाई तरकारी बिउ पम्पिङ्ग सेट १० थान र फलफुल विरुवा वितरण गरी शत प्रतिशत अनुदानमा खर्च लेखेकेमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगरका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| १५.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| १५.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| १५.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| १५.४. | औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| १५.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| १५.६. | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी | |

<table>
<tr><td></td><td>जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>वातावरणीय प्रभावः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, ढल निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगति पेस भएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई बातावरण संरक्षणको दीर्घकालिन योजना तयार गरी  कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा प्रयाप्त ध्यान दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>मौजुदा सूची तयारः सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले आन्तरीक लेखापरीक्षण शाखा गठन गरी  आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।आन्तरीक लेखापरीक्षणमा पाँचौ तहको कर्मचारी दरबन्दी रहेकोमा नियुक्ति गरेको देखिएन । यस बर्ष कोष तथा लेखा नियन्त्रक कार्यलयबाट आन्तरीक लेखा परीक्षण गराएको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम कर्मचारी व्यवस्था गरी आन्तरिक लेखापरीक्षण शाखाबाट आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>आन्तरिक लेखापरिक्षण प्रतिवेदन</td><td></td></tr>
<tr><td>१९.</td><td>आर्थिक कार्यविधि नियमावाली २०६४ को नियम ९६ वमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरिक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले निम्नानुसार  आन्तरिक लेखापरीक्षण बाट औंल्याएको बेरुजू अन्तिम लेखापरिक्षण अवधि सम्म फछ्र्यौट गरेको नदेखिएले फछ्र्यौट हुनुपर्ने रु.</td><td>४३८२९</td></tr>
<tr><td></td><td>फर्महरुले मु.अ.कर नियमावली अनुसार सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्नेमा कतिपय कर विजकमा विजक नम्वर उल्लेख नगरेको र विजक नम्वर सच्याइएको पाइयो । यसरी तोकिएको ढाँचामा कर विजक कर विजक नहुँदा मु.अ.कर. राजस्व जम्मा नहुने जोखिम रहेकाले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.मिति</th><th>विवरण</th><th>कैफियत</th></tr>
<tr><td>५३-२०७७/०३/१६</td><td>जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल प्रा.लि.मलंगवा १० सर्लाही ।</td><td>कर विजक नं. केरमेट गरी हातले लेखेको</td></tr>
<tr><td>६१-२०७७/०३/२३</td><td>जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल प्रा.लि.मलंगवा १० सर्लाही ।</td><td>कर विजक नं. हातले लेखेको</td></tr>
<tr><td>७६-२०७७/०३/२४</td><td>जियो टेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन नेपाल प्रा.लि.मलंगवा १० सर्लाही ।</td><td>कर विजक नं. हातले लेखेको</td></tr>
<tr><td></td><td>बजेट उपशिर्षक नं.८०१०२३२८३</td><td></td></tr>
<tr><td>१५६-२०७६/१०/०८</td><td>स्वर्णिम मल्टीमिडिया प्रा.लि.</td><td>कर विजक नं. हातले लेखेको</td></tr>
<tr><td>४७२-२०७७/०३/३०</td><td>स्वर्णिम मल्टीमिडिया प्रा.लि.</td><td>कर विजक नं. हातले लेखेको</td></tr>
</table>
पूँजिगत तर्फ</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ५७-२०७७/३/१९ | कर्मचारी टिका बस्नेतको कार्यक्रम भुक्तानी र पेश्की फछ्र्यौट पारिश्रमिक आयकर रकम रु३७८०।०० र अग्रिम आयकर रकम रु३६६।७५ गरी जम्मा रकम रु४१४६।७५ कट्टा गर्न बाँकी | ४१४६ |
| १७७-२०७७/०३/१९ | विलासी चौधरीको घरदेखि मठसम्म पक्की ढलान निर्माण उ.स.को भुक्तानीमा ढुवानी कर रु.१०९०० अग्रिम आयकर रु२११६३ सामाजिक सुरक्षा कर रु३०९४ गरी जम्मा रु.३५१५७।— कर कट्टी बैंक दाखिला गर्न बाँकी देखिएको | ३५१५७ |
| | **शसर्त अनुदान तर्फः** | |
| १७-२०७७/०२/१७ | २०७७/०२/१७ एकीकृत महिला स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य कार्यक्रम तर्फ स्वा.संयोजक लालवावु प्रसाद साहको पेश्की फछ्र्यौट र भुक्तानीमा स्वास्थ्यसँग सम्बन्धित विभिन्न उपकरण र सामान फर्महरुसँग खरिद गर्दा अग्रिम आयकर कट्टी गर्न बाँकी रकम रु. | ३४८६ |
| | प्रदेश समपुरक अनुदान अन्तर्गत जम्मा रु.३०००००० छुट्याइएकोमा विभिन्न कार्यक्रम संचालन गरी रु. २९९८९६० मात्र खर्च भएकोमा बाँकी रु.१०४० असुल हुनु पर्ने रु. | १०४० |
| | जम्मा | ४३८२९ |

| | | |
|---|---|---|
| २०. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७६।७७ को आय व्ययको विवरण २०७६।३।१० मा पेश गरी ३/१२ मा सभावाट स्वीकृत भएको देखियो । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण एकैसाथ पेश गर्नु पर्नेमा गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान बजेट साथ पेश गरेको छैन ।सभावाट वजेट स्वीकृत भई प्रमुख प्रशासकीय अधिकृत लाई २०७६।४।१मा खर्च गर्ने अख्तियारी दिएको देखियो । कानुनले तोकेको ढाँचामा आय र ब्ययको अनुमान पेश गरी पारीत गर्ने ध्यान दिई पारीत गराउने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| २१. | **मध्यकालीन खर्च संरचना** ःअन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ । | |
| २२. | **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बार्षिक खरिद योजना तयार नगरी पटक पटक गरी सोझै खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी , पारदर्शी र नियमसम्मत छ भनी बिश्वस्त हुन सकिएन । ऐन नियम बमोजिम सोझै खरिद गर्ने ,शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र बालेपत्रको माध्यमबाट खरिदगर्ने रकम र समय सिमा निर्धारण गरी नियमसम्मत र पारदर्शीरुपमा खरिद गर्न ध्यान दिनुपर्दछ । | |
| २३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् चेक साट्ने अवधि समाप्त भएपछि मात्र चालु खर्च खातामा रहेको मौज्दात स्थानिय सन्चित कोषमा ट्रान्सफर गरेको पाईयो ।ऐनले तोकेको समयमानै ट्रान्सफर गर्नु पर्दछ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन
- जिन्सी निरिक्षण गराइ प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण गरे तापनि औल्याइएको व्यहोरा कार्यान्वयन गरेको देखिएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई इ टीडिएस समेत गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने

| | | |
|---|---|---|
| | सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १५ र प्रशासनिकतर्फ २१ समेत ३६ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ५ र ८ समेत १३ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा निर्धारित कार्यक्रममा खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये ८६ प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• सार्वजनिक निर्माण कार्यहरुको अधिकांश लागत अनुमान स्वीकृति निर्माण कार्यको बिल कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गर्ने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, २ नियमावली, २ कार्यविधि १ निर्देशिका ८ कानुन एवं कार्यविधि निर्देशिका र मापदन्ड निर्माण गरी स्वीकृत गरेकोमा सबै कार्यान्यिनमा ल्याएको नदेखिएकोले कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायको ध्यानाकार्षण हुन जरुरी देखिएको छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४. | **कार्यालय भवनः** साविक खोरिया गा.वि.स. वडा नं. ९ हाल चक्रघट्टा वडा नं. ६ कित्ता नं. १७२ को सार्वजनिक २०७६।३।१० देखी उपभोत्ता समितिबाट निर्माणाधिन गाउँपालिकाको भवन रहेको र मुलुकी देवानी संहिता २०७४ को दफा ३०४ वमोजिम सामुदायीक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागी कुनै संरचना बनाउन नपाउने हुँदा भवन निर्माण नगर्नु नगराउनु भनी विपक्षीहरुका नाउमा अन्तरिम आदेश | |

| | | |
|---|---|---|
| | सहितको स्थायी आदेश जारी गरी पाउँ भनी चक्रघट्टा वडा नं. ६ वस्ने मधुसुपन महतो समेतका ५ जना निवेदकले गाउँकार्यपालिका कार्यालय र प्रमुख समेत २२ जना लाई विपक्ष बनाई उच्च अदालत जनकपुरमा रिट दायर गरेकोमा अदालत वाट उत्त किता नं. जे जुन प्रयोगवाट चलन भएको छ सो प्रयोजन वाहेक अन्य प्रयोजनलाई सो को भौतिक संरचना परिवर्तन नगर्नु नगराउनु भनी विपक्षहरुको नाउमा २०७६।४।२४ मा अन्तरिम आदेश दिई २०७६।५।३ मा सोही अन्तरिम आदेश लाई निरन्तरता दिएको देखियो । अन्तरिम आदेश हुनु पुर्व कार्यालयले २०७६।३।३० मा उत्त भवन निर्माणको कार्य मूल्यांकन गरी उपभोत्ता समितिलाई रु६३०५०००।— खर्च लेखी भुत्तानी गरेको देखियो ।विपक्षी मध्येका गाउँपालीका प्रशासकिय अधिकृतले जवाफ पेश गरी मुलुकी देवानी संहिता २०७४ को दफा ३०४ मा सरकारी सार्वजनिक वा सामुदायिक सम्पतिको संरक्षण गर्न तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को २ छ मा सार्वजनिक एलानी र पर्ती जग्गा सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गाउँपालिकाले गर्न र त्यस्तो सम्पतिमा संरचना बनाउन नहुनेमा सरकारी वा सर्वजनिक सम्पतिको हकमा नेपाल सरकारले उचित प्रयोजनको लागी पाउने स्पष्ट व्यवस्था कानुनले गरेकोले गाउँसभाको निर्णय वमोजिम भवन निर्माण कार्य भएको हुँदा निवेदन खारेज हुनु पर्ने जिकिर देखिए पनि उच्च अदालत वाट मालपोत एन २०३४ को दफा २को देहाय ख-२ ले गरेको सरकारी जग्गाको परिभाषा अनुसार कि.नं.१७२ को वाटो सरकारी जग्गाको परिभाषा भित्र परेको र मुलुकी देवानी संहिता २०७४ को दफा २९९ ले पनी सडक वाटो वा रेल्वेलाईन सरकारी सम्पतीको परिभाषा गरेको र त्यस्तो सम्पतिको संरक्षण गर्नुपर्ने दायित्व जिल्ला प्रशासन कार्यालयलाई सुम्पेकोले प्रस्तुत मुद्धामा जिल्ला प्रशासन कार्यालय सर्लाही लाई विपक्षी नवनाइएको भएतापनी सरकारी जग्गामा विवादित घर बनाएको कार्य लाई कानुन वमोजिम निर्माणको कार्य गरेको भन्न मिल्ने नदेखिदा सार्वजनिक वाटोमा वनाएको उत्त विवादित घर सार्वजनिक सडक बाट विपक्षी कार्यालय वाट चाडै हटाउनु भनी विपक्षहरुका नाउमा निवेदनमाग वमोजिम निषेधाज्ञाको आदेश २०७६ माघ २ २८ गते जारी गरी उक्त भवन भत्काउन लगाउँने र नभत्काए जिल्ला प्रशासन कार्यालय आफैले भत्काउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको ध्यानकर्षण गराउने आदेशको प्रतिलिपी राखी जानकारी दिने गरी आदेश जारी गरेको देखियो । उत्त आदेश भए पश्चात निर्माणधिन भवनमा भुत्तानी भएको विकास निर्माणको रकम रु ६३ लाख ५ हजार खेर जाने देखिन्छ । | |
| २५. | **जिन्सी अभिलेख** ः आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी पालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, पालिकाले वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण पालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन ।पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औंल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी निरीक्षण गराए तापनि प्रतिवेदनमा औंल्याएका मर्मत गर्नु पर्ने र लिलाम गर्नु पर्ने व्यहोराको कार्यान्वयन गरेको देखिएन । पालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ । | |
| २६. | **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची २ वमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो पदको काम कार्वाही सुरु गरेको मितिबाट मासिक सुविधा वापत पाउने व्यवस्था गरेकोमा सामानित सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गतेबाट लागु हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार प्रदेश नं.२ सरकारले पदाधिकारी सुविधा ऐन २०७५ को अनुसूची-१ मा उल्लेख भएको सुविधा मात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सुविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा यस वर्ष ३ महिनाको पारिश्रमिक रु.१६८९०००। बैठक भत्ता रु.९५४०००। भ्रमण भत्ता रु.१५४७००। यातायात र मर्मत खर्च रु.५५४९३। र ईन्धन सुविधा कुपनबाट | |

<table>
<tr><td></td><td>रु.४७२७१०। गरी पदाधिकारी खर्च रु.३३२५९०३। लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>एउटामात्र सुविधा पाउने - प्रदेश नं २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ ।पालिकाका पदाधिकारीहरुबाट यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा संलग्न गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२८.</td><td>इन्धन खर्चको मापदण्डः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) रु. २५००००, इन्धन कार्यालय प्रयोजन रु. १० लाख समेत रु. १२५०००० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
| ७६. | **विल भरपाईः** २००-०७६।११।१८ आर्थिक कार्यविधि नियमावली,२०६४ को दफा ३६ अनुसार विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । विद्युत मिटर र वाईफाई जडान वापत पेश्की रु.१५०००। दिएकोमा पेश्की नजाएको र विल भरपाई समेत नरहेको रु. | १५००० |
| ७७. | **अग्रीम करः** ४४७-०७७/३/२३ गैर सरकारी संस्था महिला तथा वालवालिका कल्याण समाजलाई २०७७।३।१६ देखि ३।१८ सम्म गाउँपालिकाको हल चक्रघट्टामा संचालित कोभिड-१९ को रोकथाम, | |

<table>
<tr><td></td><td>नियन्त्रण, व्यवस्थापन सम्बन्धी तालिमको रु.३ लाख भुक्तानी गर्दा संस्थाले कर विजक जारी नगरेकोमा १५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा १.५ मात्र कट्टी गरेकोले घटी कर असुल गर्नु पर्ने रु.</td><td>४२६९१</td></tr>
<tr><td>७८.</td><td>विलभरपाईः ४६१-०७७/३/२४ आर्थिक कार्यविधि नियमावली,२०६४ को दफा ३६ अनुसार विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।नभव ट्रेडर्सबाट त्रिपाल ठूलो २०० थान र चाउचाउ ५० कार्टुनको रु.३४८६०५। भुक्तानी गरेकोमा वितरण भरपाई पेश हुनु पर्ने रु.</td><td>३४८६०५</td></tr>
<tr><td>७९.</td><td>झोलुङ्गे पुल तर्फः पडरिया वेली लखन देही झोलुङ्गे पुलको लागि उपभोक्ता समितिसंग भएको संझौता रकम रु.४४९२०१९।८८ मा प्रथम किस्ता वापत रु.१२७०३८८। मूल्यांकन गरी भुक्तानी भएकोमा दोश्रो र तेश्रो किस्ताको रकम कार्य मूल्यांकन वेगर थप रु.३०३२३६४। पेश्की दिएको देखियो ।पेश्की रकम कार्य मूल्यांकन गरी फछ्र्यौट हुनु पर्ने रु.</td><td>३०३२३६४</td></tr>
<tr><td>८०.</td><td>प्रधानमन्त्रीरोजगारकार्यक्रम- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामुदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीयतहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०४ जनालाई रोजगारी उपलव्ध गराई रु.३७५४०८० ।खर्च गरेको छ।लक्षित वर्गलाई ३० दिन देखि ९० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।
<table>
<tr><th>निर्माण कार्य</th><th>अविध</th><th>रोजगार पाउने संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>रंजितको खेत देखि मुसहर बस्ती सम्मको बान्ध निर्माण उ.स.-२</td><td>१३ देखि १६</td><td>८९</td><td>१०२४९२०</td></tr>
<tr><td>सुन्दरपुर देखि राम एकवाल रायको खेतसम्मको बाँध निर्माण उ.स.-२</td><td>५ देखि ९०</td><td>१२८</td><td>१४९८३२०</td></tr>
<tr><td>जालो बोलडर निर्माण उ.स.-२</td><td>१६ देखि ३०</td><td>४८</td><td>७२५४००</td></tr>
<tr><td>सुरेश रायको खेत देखि मुसहर टोल सम्म बाटो मर्मत उ.स.-२</td><td>१७ देखि २९</td><td>३९</td><td>५०५४४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३०४</td><td>३७५४०८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८१.</td><td>नपुग विल भरापाईः ११-०७७/३/३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्ने व्यवस्था रहेको छ । रन्जितको खेत देखि मुसहर बस्ती सम्मको बान्ध निर्माण कार्य वडा नं.२ को प्राविधिक मूल्यांकन रु.१५०१७६०.६८ को विल भरपाई हुनु पर्नेमा रु.१००६७२०। डोर हाजिरी, भरपाईबाट रु.३१६८००। र विजकबाट खरिद रु.१०४६७२। गरी रु.१४२८१९२।विल भरपाई भएकोले बढी भुक्तानी असुल उपर गर्नु पर्ने रु.</td><td>७३५६८</td></tr>
<tr><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>८२.</td><td>यस कार्यक्रमका लागी यस वर्षको रकम निकासा भएकोमा निम्नानुसार योजनामा रु.१५४९१९६६।५० खर्च भएको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>निर्माण व्यावसायीको नाम</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>स्यालो टयुवेल जडान ५० गोटा वडा नं.३ ४ ६ र ९</td><td>स्वाभिमान ट्रेलिङ्ग एण्ड पायलिङ्ग प्रा.लि.</td><td>३७६७०२४।५०</td><td>३७६७०२४</td></tr>
<tr><td>२</td><td>स्यालो टयुवेल जडान ५० गोटा वडा नं.५ ६ ७ ८</td><td>स्वाभिमान ट्रेलिङ्ग एण्ड पायलिङ्ग प्रा.लि.</td><td>३७६७१०९।५०</td><td>३७६६०६४</td></tr>
<tr><td>३</td><td>स्यालो टयुवेल जडान ५० गोटावडा नं.१ र २</td><td>स्वाभिमान ट्रेलिङ्ग एण्ड पायलिङ्ग प्रा.लि.</td><td>३७८०२४५।५०</td><td>३७७७४५०</td></tr>
<tr><td>४</td><td>सुन्दरपुर कबरगाहमा</td><td>उपभोत्ता समिति</td><td>३९२८२७९</td><td>३५३०८००</td></tr>
<tr><td>५</td><td>इन्धन खर्च</td><td>ओम ट्रेडर्स</td><td>-</td><td>२५००१६</td></tr>
<tr><td>६</td><td>प्रशासनिक खर्च</td><td>मनोज कुमार कुशवाहा</td><td>-</td><td>१५०६२७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ७ | सूपरभाइजर खर्च | सुजित कुमार सिंह | - | २४९९८४ |
| | जम्मा खर्च | | | १५४९१९६५ |

</td><td></td></tr>
<tr><td>८३.</td><td>उपरोक्तानुसार कार्यालयले यस वर्ष खर्च भएको रु.१५४९१९६६।५० मध्ये सुपरभाइजर, इन्धन र प्रशासनिक खर्च वापत रु.६५०६२७।— खर्च गरेकोमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यविधि २०७६ अनुसार निकासा रकमको ०.४० प्रतिशत प्रशासनिक खर्च जिल्ला समन्वय समितिमा निकासा दिई खर्च गर्न व्यवस्था भएकोमा कार्यविधि विपरित खर्चको ४.२० प्रतिशत कन्टिन्जेन्सी खर्च लेखेको नियमित मान्न नसकिएको रु.</td><td>६५०६२७</td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>८४.</td><td>बढी निकाशा-श्री जनता मा वि औरहीको प्रा वि दितिय स्थायि शिक्षक रमचन्द्र राउत २०७६ चैत्र मसान्त बाट अवकाश भएकोमा विद्यालयको तेश्रो चौमासीक निकाशा गो.भौ.न.२७ मिति २०७७।२।२० बाट रु.६९१४६०३।खर्च लेखेकोमा उक्त अवकाश शिक्षकको मासिक तलव रु.३८६५८। का दरले बैशाख देखि असार सम्म ३ महिनाको रु.१२१९७४। समेत निकाशा दिएको देखिएकोले उक्त रकम विद्यालयबाट असुल गरि संघिय राजश्व खातामा दाखिला गर्नु पर्ने रु.</td><td>१२१९७५</td></tr>
<tr><td>८५.</td><td>कार्य सम्पन्न प्रतिवेदन- सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२५अनुसार देहायका विद्यालयहरुलाई २ कोठे भवन लगायत निर्माण गर्न रु ६५१५०००। सर्शत अनुदान दिएकोमा निर्माण सम्पन्न गरि पालिका समक्ष प्राविधिक नापजाँच र मूल्याकन प्रतिवेदन पेश गर्नु पर्ने रु

| क श | विद्यालयको नाम | कार्यक्रम | अनुदान रकम |
|---|---|---|---|
| १ | जनता प्रा वि गोइयाही | २ कोठे भवन | १६००००० |
| २ | सामुदायिक प्रा वि सुन्दरपुर | २ कोठे भवन | ८००००० |
| ३ | जनता प्रा वि गोइयाही खिरया | २ कोठे भवन | १६००००० |
| ४ | जनता मा वि पडरिया | छात्रा शौचालय र कम्प्युटर ल्याब | १३०५००० |
| ५ | जनता मा वि औरही | विज्ञान प्रयोगशाला | ६०५००० |
| ६ | जनता मा वि बेलही | विज्ञान प्रयेगशाला | ६०५००० |
| | | जम्मा | ६५१५०००। |

</td><td>६५१५०००</td></tr>
<tr><td>८६.</td><td>भरपाई पेश गर्नु पर्ने -पालिका अन्तर्गत १० वटा सामुदायिक विद्यालयलाई शैक्षिक शत्र २०७६।७७ मा विद्यालय सचालन भएको ७० दिनको दिवा खाजा वापत रु.३८०७०७५।,अधारभुत तहको दलित छात्र तथा सवै छात्राहरुलाई रु.४००। को दरले छात्रवृत्ति रु.७१७८८०।र मा वि सम्म अध्ययनरत विद्यार्थिहरु लाई पाठ्यपुस्तक रु.१९७५१९३। गरि कूल रु.६५००१४८। निकाशा गरेकोमा विद्यालयहरुले कार्य सम्मपन्न गरि विल भरपाई पेश गर्नु पर्ने रु.</td><td>६५००१४८</td></tr>
<tr><td>८७.</td><td>सेनिटरी प्याड-सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा ३ बमोजिम सवै सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुको अद्यावधिक तथ्याँक संकलन गरि दफा ४ बमोजिम एउटा महिनावारि चक्रका लागि बढीमा १६ वटा सम्म प्रर्ति छात्रा वार्षिक रु ८७७। का दरले निशुल्क सेनेटरी प्याड उपलव्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले प्रर्ति प्यकेट रु ६४.५० का दरले ८७०७ प्यकेट सेनिटरी प्याड स्वस्तिका सप्लायर्स बाट २ पटकमा सोझै खरिद गरि रु ६३४६०९। खर्च लेखेको देखिन्छ । कार्यविधि बमोजिम पालिकाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुको अद्यावधिक तथ्याँक लिई बार्षिक खरिद योजना तयार गरि खरिद गर्नु पर्नेमा बजेट व्यवस्थाको अधारमा खरिद गरेको देखिएकोले कार्यविधिको पालना भएको देखिएन ।</td><td></td></tr>
<tr><td>८७.१.</td><td>मौजदात -जिन्सि श्रेष्तानुसार यस वर्ष ८७०७ प्याकेट सेनेटरी प्याड खरिद गरेकोमा ७७०७ प्याकेट विद्यालयहरुलाई वितरण गरी १००० प्याकेट जिन्सी मौजदात देखिन्छ । गुणस्तरमा कमी आउने हुँदा मौज्दात रहने गरि खरिद गरिनु हुदैन ।</td><td></td></tr>
<tr><td>८७.२.</td><td>प्रतिवेदन-कार्यविधिको दफा २१ बमोजिम सेनेटरी प्याड वितरण कार्यक्रमको कार्यान्वयन प्रगति विवरण शिक्षा मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले पिलकामा र पालिकाले लेखापरीक्षण प्रदेश सामाजिक विकास मन्त्रालय र शिक्षा मन्त्रालयमा पेश गर्नु पर्नेमा पेश भएन । अत कार्यविधि बमोजिम यस कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरि पेश गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८८.</td><td>पेश्की - एम अई एस अपरेटर पवन कुशवाह लाई गो भौ न ६ बाट बाल बिकास योजना कार्यशाला संचालन</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गर्न रु १ लाख र गो.भौ न ३६ बाट किभड १९ बाट भएको शैक्षिक क्षति न्यूनिकरण तथा विद्यार्थीको सिकाइ प्रवर्दन कार्यक्रम संचालन गर्न रु ३ लाख गरी कूल रु ४ लाख पेश्कि दिएकोमा फर्छ्यौट नभएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदियत्व एन २०७६ अनुसार असुल फर्छ्यौट गर्नु पर्ने रु. | ४००००० |
| ८९. | **साक्षरता कार्यक्रम —**पालिकामा रहेका १५ वर्ष र सो भन्दा माथिको उमेर समूहका निरक्षरहरुलाई अनौपचरिक शिक्षा तथा साक्षरता कार्यक्रम संचालन गरी साक्षरता दर बढाउन पालिकाले बालविकास नेपाल बरहथवा-१८ सर्लाही सँग रु १८,२०,७५०/- मिति २०७६/१०/२ मा सम्झौता गरि कायदिश दिएकोमा उक्त संस्थाले २०७७/३/३० मा कार्यक्रमको प्रगति प्रतिवेदन पालिका समक्ष पेश गरी गो.भौ. ३९/०७७/३/३० बाट रु १०,५६,५००/- भुक्तानी लगेकोमा निम्नानुसार भएको देखिन्छ । | |
| ८९.१. | **घटी करकट्टी—** उक्त संस्थाले प्रचार प्रसारमा गाडी तथा साउण्ड सिस्टम भाडा वापत रु १,३५,०००/- खर्च गरेकोमा १० प्रतिशत भाडा कर रु. १३,५००/- ,कार्यक्रम संयोजक लाई रु १०००००/- भत्ता दिएकोमा १५ प्रतिशतले रु १५०००/- , घरधुरी सर्वेक्षकलाई रु २४३०००/- भत्ता दिएकोमा १५ प्रतिशतले रु ३६६३०/- , सहजकर्ता २७ जनालाई २ महिनाको रु १६२०००।— पारिश्रमिक दिएकोमा १ प्रतिशतले रु १६२०/-र प्रगति प्रतिवेदन रु २५०००/- को १५ प्रतिशतले रु ३७५०/- गरी कुल रु ७०५००/- कर कट्टी गर्नु पर्नेमा रु १५१०८/- कट्टी गरेबाट रु ५५३९२ घटी कर कट्टी गरेको रकम असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु. | ५५३९२ |
| ८९.२. | **विद्यार्थी संख्या-** २७ जना सहजकर्ताले २ महिना ६७५ जना निरक्षरलाई अध्यापन गराएको प्रगति प्रतिवेदनमा उल्लेख गरेकोमा ६७५ जना निरक्षरको नाम ठेगाना र उमेर खुलाएको देखिएन । २ महिना अध्यापन गराएको भनेकोमा कुन मिति देखि कुन मिति र दैनिक समय अविध उल्लेख नगरेको तथा पाठ्य सामाग्री मसलन्द तथा कक्षा व्यवस्थापन र ढुवानी नगरी रु ५९२५००/- खर्च गरेको तर सहजकर्ताले निरक्षर विद्यार्थीहरुलाई उक्त पाठ्य सामाग्री बुझाएको र कक्षा संचालन र हाजिरी विवरण पेश नगरेबाट उक्त कार्यक्रम संचालन भयो भनि विश्वस्त हुन नसकिएकोले विश्वस्त हुने प्रमाण पेश गर्नु पर्ने रु | ५९२५०० |
| ९०. | **तलबी प्रतिवेदन-** निजामति सेवा ऐन, २०४९ को दफा ७ ख २ अनुसार स्वास्थ्यकर्मी तथा शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरेर खर्च लेख्नु पर्नेमा तलबी प्रतिवेदन पारित नगराइ खर्च लेखेकोमा तलब भत्ता र ग्रेड रकम पारित प्रतिवेदन सँग भिडान गरी एकिन गर्न सकिएन । | |
| ९१. | **दरबन्दी —** चक्रघटा गाउँपालिकाम रहेको स्वास्थ्य शाखाको लागि अधिकृत ६ तह स्वास्थ्य सेवाको हेल्थ इन्स्पेक्सनको छैठौं तहमा १ जना र छैठौ तहको जन स्वास्थ्य निरिक्षक वा सि.अ.न.मी. १ जना गरी २ जनाको दरबन्दी स्वीकृत रहेकोमा सि.अ.हे.व. छैठौ ३ जना र ज.स्वा.नि. १ गरी ४ जना स्वास्थ्य शाखामा कार्यरत रहेको देखिएकोले स्वीकृत दरबन्दी २ दरबन्दी पदमा राखि बाँकी २ दरबन्दी रित्त रहेको स्थानीय तहमा सरुवा गरी दरबन्दी समायोजन गर्नु पर्ने तर्फ सामाजिक विकास मन्त्रालय प्रदेश नं. २, स्वास्थ्य सेवा विभाग टेक तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ काठमाडौंको ध्यान दिनु पर्ने देखियो । | |
| ९२. | **फाजिल दरबन्दी -** पालिकाबाट प्राप्त विवरण अनुसार ५ वटा स्वास्थ्य चौकीलाई प्रत्येकलाई ६ जनाको दरले २४ जना स्वास्थ्यकर्मी र कार्यालय सहयोगी आवश्यक पर्नेमा कर्मचारी सामायोजन ऐन २०७५ अनुसार यस गा.पा. र सो अन्तर्गत स्वास्थ्य चौकीहरुमा ४८ जना स्वास्थ्य कर्मचारी समायोजन भइ पदस्थापन भएकोले जनशक्ति व्यवस्थापन गर्न कठिनाइ गरेको तथा सेवाग्राहीको संख्या भन्दा जनशक्ति बढी भएको अवसथा देखिएको हुँदा अन्य स्थानीय तहमा रित्त तथा नपुग भएको ठाउँमा सरुवा गरी आवश्यक परेको ठाँउमा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्नु पर्ने हुन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्न पद तहका १५ जना जनशक्ति बढी भइ फाजिलमा रहेकोले अन्यत्र व्यवस्थापन गर्नु पर्ने भनाइ रहेको देखिन्छ ।<br><br>सि.नं. \| पद।तह \| संख्या<br>१. \| सि.अ.हे.ब.अधिकृत छैठौ \| ३<br>२. \| हे.अ. सहायक पाँचौं \| ३<br>३. \| सि.अ.हे.ब.सहायक पाचौं \| ६<br>४. \| अ.हे.ब. सहायक चौथो \| ३<br> \| जम्मा \| १५ | |
| ९३. | **फिल्ड भत्ता -** कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहमा समायोजन तथा पदस्थापन भएका कर्मचारीलाई स्थानीय तहको क्षेत्र भित्र कामकाज गरे वापत फिल्ड भत्ता लेख्न पाउने कानूनी आधार देखिदैन | |

।पालिकाले सि.अ.हे.व., अ.हे.व. तथा अ.न.मि.हरुलाई मासिक रु.१०००/- देखि १७२०/- सम्मका दरले पालिका भित्रका वडा तथा गाँउमा कामकाज गरे वापत वार्षिक रु १,६४,९१०/- फिल्ड भत्ता खर्च लेखेको देखिएकोले खर्च लेख्न पाउने कानूनी आधार पेश हुनु पर्ने रु.

१६४९१०

९४. **पदाधिकारी अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा ऐन, २०७५ ले तोकिएको देखि बाहेक अन्य सेवा सुविधा पदाधिकारीहरुले लिन पाउने कानूनी आधार देखिदैन । पालिकाबाट संचालित स्वास्थ्य तर्फ र विभिन्न कार्यक्रम तथा योजनाको तालिम गोष्ठि सेमिनार, अभिमुखिकरणमा सहभागी तथा अनुगमन गरे वापत पदाधिकारीहरुले कर्मचारीले जस्तै भत्ता बुझ्ने गरेको देखिएकोले यसरी पालिकाबाट संचालित कार्यक्रमको अनुगमन भत्ता लिएकोमा लिन पाउने कानूनी आधार पेश गर्नु पर्ने रु.

३४४००

| क्र.सं. | कार्यक्रमको नाम | पदाधिकारी | करकट्टी गरी भुक्तानी रकम |
|---|---|---|---|
| १ | क्षयरोग नियन्त्रन कार्यक्रम चौमासिक गोष्ठि | गा.पा. अध्यक्ष विक्रम यादव | २५५० |
| २ | औलो रोग नियन्त्रनको सुपरिवेक्षण | गा.पा. अध्यक्ष विक्रम यादव | ३००० |
| ३ | नसर्ने रोग तथा मानसिक स्वास्थ्य | गा.पा. अध्यक्ष विक्रम यादव | ७५० |
| ४ | नसर्ने रोग तथा मानसिक स्वास्थ्य | वडा अध्यक्ष (१-९) जना | ७३५० |
| ५ | कुष्ठरोग पत्ता लगाउँने चर्मरोग शिविर | गा.पा. अध्यक्ष विक्रम यादव | १७०० |
| ६ | मानसिक रोग सम्बन्धी १ दिने क्षमता अभिविद्धि | गा.पा. अध्यक्ष विक्रम यादव | ८५० |
| ७ | नियमित तथा पूर्ण खोप दिगोपना र खोप ढुवाणी | गा.पा. अध्यक्ष विक्रम यादव | ३३५० |
| ८ | नियमित तथा पूर्ण खोप दिगोपना र खोप ढुवाणी | उपाध्यक्ष | ८५० |
| ९ | नियमित तथा पूर्ण खोप दिगोपना र खोप ढुवाणी | वडा अध्यक्ष र सदस्यहरु (२०) जना | ११९०० |
| १० | वर्डफ्लु रोगहरुको नियन्त्रन बैठक | गा.पा. अध्यक्ष विक्रम यादव | |
| ११ | RRT परिचालन | उपाध्यक्ष | |
| | जम्मा | | ३४४०० |

९५. **मार्गदर्शन भन्दा बढी दररेट —**आर्थिक वर्ष २०७६/७७ मा सर्शत अनुदान तर्फ स्थानीय तहबाट स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुको लागि संचालन मार्गदर्शन २०७६ को अनुसुची-१ ले तालिम,गोष्ठि,कार्यशाला,संचालन सम्बन्धी खर्चको मापदण्ड तोकेको देखिन्छ । जस अनुसार स्थानीय स्तरमा संचालन हुने कार्यक्रमको स्रोत व्यक्ति तथा सहजकर्ता भए वापत प्रति कक्षा रु.६००/ कार्यपत्र रु.१०००/ दै.भ्र.भत्ता नपाउने स्थानीय सहभागी भत्ता रु.७००/- संयोजक १ जना रु.३००/- सहयोगी २ जना सम्म रु ३००/- कार्यालय सहयोगी १ जना रु.१५०/- मसलन्द प्रतिवेदन तथा डाटा कम्पाइलेशन प्रति कार्यक्रम रु.१०००/ खाजा रु.२००। मसलन्द प्रति सहभागी रु.५०।— मसलन्द प्रशिक्षण प्रति कार्यक्रम रु.१०००/ र विविध वापत रु.५००। खर्च लेख्न पाउने व्यवस्था भएकोमा पालिकाबाट संचालित कार्यक्रम तालिम,गोष्ठि,कार्यशाला र अभिमुखिकरणमा श्रोत व्यक्ति, संयोजक र सहभागीलाई रु.१०००। देखि १६००/- सम्मका दरले भुक्तानी गर्ने गरेको, कार्यपत्र पेश नहुने गरेको, पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, लेखा र स्वास्थ्य संयेजक, सह संयेजक र सि अ हे व लगायतहरुलाई अनूसूचिको दर रेट भन्दा बढी राखि रु.२९६००।खर्च लेखेको देखिएकोले असुल गर्नु पर्ने रु.

२९६००

| क्र.सं. | कार्यक्रमको नाम | विवरण | संख्या | पाउने दर | लेखेको दर | बढी लेखेको |
|---|---|---|---|---|---|---|
| १ | मानसिक स्वास्थय क्षमता अभिवृद्धि | सहजकर्ता | ३ | ६००/- | १०००/- | १२०० |
| २ | मानसिक स्वास्थय क्षमता अभिवृद्धि | प्र.प्र.अ./लेखा | २ | ६००/- | १००/- | ८०० |
| ३ | RRT परिचालन अभिमुखिकरण | सहजकर्ता | ३ | ६००/- | १०००/- | १२०० |
| ४ | RRT परिचालन अभिमुखिकरण | प्र.प्र.अ./लेखा | २ | ६००/- | १००/- | ८०० |
| ५ | विद्यालय स्वास्थ्य शिक्षा | सहजकर्ता | ३ | ६००/- | १०००/- | १२०० |
| ६ | विद्यालय स्वास्थ्य शिक्षा | प्र.प्र.अ./लेखा | २ | ६००/- | १००/- | ८०० |
| ७ | वर्डफ्लु रोगहरुको नियन्त्रन | प्र.प्र.अ./लेखा/ | ३ | ६००/- | १०००/- | १२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पशु संयोजक | | | | |
| | वर्डफ्लु रोगहरुको नियन्त्रन | ना.प्र.स्वा.प्रा./कृषि संयोजक | ३ | ६००/- | १०००/- | १२०० |
| | औलो रोग नियन्त्रनको सुपरिभिजन | प्र.प्र.अ./लेखा/स्वा.सं./ सह.सं./सि.अ.हे.व./ स्टोर प्र. समेत | ६ | ५००/- | | १८००० |
| | कुष्ठरोग पत्ता लगाउँने चर्मरोग शिविर | प्र.प्र.अ./लेखा/स्वा.सं./ सह.सं. समेत २ दिन | ४ | ६००/- | १०००/- | ३२०० |
| | जम्मा | | | | | २९६०० |

| | | |
|---|---|---|
| ९६. | **पम्प सेट वितरण अभिलेख -** पालिकाले कृषि सिचाईको लागि ३ वटा फर्म सँग खुल्ला कोटेशन माग गरी राम जानकी इन्टरप्राइजेजबाट ५ हर्ष पावरको १० थान पानी तान्ने पम्प मोटर रु.४९५०००/- खरिद गरी १० वटा कृषक समूहलाइ वितरण गरेको भरपाई पेश गरेको देखियो । यसरी यस वर्ष पम्म पाउने कृषक समूहको अभिलेख राख्नु पर्ने र ति पम्प वितरण पश्चात कृषि उत्पादनमा भएको प्रतिफल तथा पम्पको सदुपयोगको सम्वन्धमा पालिकाले समय समयमा अनुगमन गरी अभिलेख राख्नु पर्दछ । अभिलेख बेगर पालिकाबाट वितरण गर्ने अनुदानमा सबैको पहुँच र वितरण व्यवस्थामा न्यायोचित पद्धति कायम गर्न नसकिने हुदाँ अभिलेख राखि अनुदान वितरण गर्नु पर्ने देखिन्छ । | |
| ९७. | **महिला स्यमंसेविका क्षमता अभिवृद्धि तालिम-** युनिसेफतर्फ पोषण अन्तर्गत बृहत पोषण प्याकेज कार्यक्रम तथा क्षमता अभिबृद्धि महिला स्वयं सेविकाहरुको २०७६/१०/२७ देखि २९ गते सम्म ३ दिने तालिम कार्यक्रम गा.पा. अध्यक्ष, प्र.प्र.अ. , लेखा अधिकृत, स्वा. शाखाबाट २ जना गरी ६ जना सहभागी भई दैनिक रु.१२००/- का दरले ३ दिनको ३६०० प्रति व्यक्तिका दरले ६ जना को रु.२१६००/- सहभागी भत्ता बुझेकोमा १५ प्रतिशत कर कट्टी गरेको घटाइ बाँकी रु.१६८३०/- रकम गा.पा. अध्यक्ष, प्र.प्र.अ. , लेखा अधिकृत, स्वा. शाखाबाट २ जना कर्मचारी समेत बाट असुल गर्नु पर्ने रु. | १६८३० |
| ९७.१. | **झोला खरिद —**युनीसेफ तर्फ पोषणको महिला स्वास्थ्य स्वयं सेविका ५२ जनाको क्षमता अभिवृद्धि तालिमको लागि ५२ वटा झोला खरिद गर्नु पर्नेमा सहभागी स्वास्थ्यकर्मी तथा पालिकाका सम्पूर्ण कर्मचारीहरु समेतको लागि १५२ वटा झोला गणेश स्टेशनरी सेन्टरबाट २ वटा दररेटमा महिला स्यमं सेविकाहरु लाई रु १५००/- र अन्य कर्मचारीहरुलाई रु २५००/- को दररेटले खरिद गरी रु क्रमशः ७८०००/- र २५००००/- गरी कूल रु.३२८०००/- खर्च गरेबाट पोषण सम्बन्धित कार्यक्रम भन्दा अन्य कार्यक्रममा खर्च गर्नु तथा महिला स्वास्थ्य स्वयमं सेविका बाहेकलाई रु.२५००/- का दरले १०० जनालाई रु.२५००००/- को झोला खरिद गर्नु अनियमित देखिएको रु. | २५०००० |
| ९८. | **सोलार वत्तिको कार्यसम्पन्न —**पालिकाको वडा १ देखि ९ सम्म र सार्वजनिक सडकमा सोलार बत्ति जडान गर्न २ वटा फर्म उज्यालो उर्जा प्रा.लि. । सौर्य उर्जा इनर्जीसँग ३७ सेट सोलार प्यानेल लगायत एक्सोसरिज सामाग्री खरिद गरी रु.९०५६१८।—खर्च लेखेकोले लेखापरिक्षण अवधि २०७७/१२/१४ सम्म पनि जडान भै नसकेको स्टोर मौज्दात देखिएकोले खरिद सोलार प्यानल जडान गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | ९०५६१८ |
| ९९. | **पोषण प्रदर्शनी प्रबद्धन कार्यक्रम —** महिला स्वास्थ्य स्वयम सेविकाहरुबाट २०७६/१२/१० गते गा.पा. भवनमा आमा समूहलाई स्थानीय स्तरमा उपलब्ध ७ खाना समूह पोषण प्रदर्शनी गर्न बर्दिबास सप्लायर्सबाट खरिद गरेका टेबल र नाङ्गलो जिन्सी दाखिला गर्नु पर्नेमा दाखिला गरी पेश गर्नु पर्ने रु | ३५२०० |

| क्र.सं. | खरिद समान | परिमाण | रकम |
|---|---|---|---|
| १ | प्लास्टिक टेबल | ८ थान | २८००० |
| २ | प्लास्टिक नाङ्गलो | १६ थान | ७२०० |
| | जम्मा | | ३५२०० |

| | | |
|---|---|---|
| १००. | **भिटामिन ए क्याप्सुल वितरणको अनुगमन भत्ता -** गा.पा. अध्यक्ष, प्र.प्र.अ. , लेखा अधिकृत, स्वा. संयोजक, सह संयोजक र सि.अ.हे.व. गरी ६ जनाले ४ दिन दैनिक रु.१०००/- भत्ता लिई अषाढ २२ र २३ गते अनुगमन गरे वापत रु.२४०००/- खर्च लेखेकोमा गा.पा. भित्र अनुगमन गरेर भत्ता लिने पाउने कानूनी | २४००० |

| | | |
|---|---|---|
| | व्यवस्था नदेखिएकोले असुल गर्नु पर्ने रु | |
| १०१. | **तराई मधेश समृद्धि कार्यक्रम** –कार्यक्रमको लागि २५ लाख बजेट व्यवस्था भएकोमा १० प्रतिशत उ.स.को योगदान रु.३३५७८४/- रहने गरी रु.२६६०७८४/- को ल.ई. अनुसार निर्माण गर्न रु उपभोक्ता समिति मार्फत मुसहर टोलको छेउमा बर्थिङ्ग सेन्टर निर्माण गरी रु.२७६०८७४/- मिति २०७६/१२/२५ मा कार्य सम्पन्न गरेको देखियो । | |
| १०१.१. | **प्रगति प्रतिवेदन** –तराई- मधेश मसृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले आयोजनाको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नु पर्नेमा प्रतिवेदन तयार गरेको देखिएन । साथै १०(ख) बमोजिम पालिकाले निर्देशिका बमोजिम संचालन कार्यक्रमहरुको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसूची-३ बमोजिम तयार गरी केन्द्रिय समन्वय इकाई र लेखापरीक्षण समक्ष पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | |
| १०२. | **ईट्टाको मु.अ.कर-** उपभोक्ता समितिले बर्थिङ्ग सेन्टर निर्माण गर्न सुपर सहारा बबी ईट्टा उद्योगबाट २९०८० वटा ईट्टा खरिद रु २४४२२०/- मु.अ.कर समावेश रु ३१७५१/- भएकोमा कार्यसम्पन्न अनुसार २९०८०/- वटा ईट्टामा रु ४५३६४/- मु.अ.कर थप दिएकोले रु १३६१३/ ईट्टामा मु.अ.कर बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. | १३६१३ |
| १०३. | **प्रकोप व्यवस्थापन कोष** – कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथाम कार्य गर्न पालिकालाई प्रदेश सरकाबाट १० लाख र चालु खाताबाट रु १२३७७४८७/- रकम ट्रान्सफर गरी कुल रु १३३७७४८७/- आम्दानी गरेकोमा ७ वटा क्वारेन्टाइन ,१ वटा आइसोलेशन, ६ वटा हेल्प डेक्स संचालन, राहत वितरण र स्वास्थ्य सामाग्री खरिद गरी रु.१३२२६३४६/- खर्च भई रु १५११४१/- कोष मौज्दात रहेको देखिन्छ । पालिकाले उक्त खर्च निम्न क्रियाकलापमा देहाय अनुसार गरेको देखिन्छ । | |

| क्र.सं. | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न खरिद | ५४५१०२५ | जय माँ गल्ला भण्डार र गौरी शंकर एग्रो इ. बाट प्रति के.जी. ४५/- को दरले ६७५०० के.जी. चामल, रु १६०/- मा २५०० लि. खाने तेल, रु ११०/- मा २५०० के.जी. मुसुरोको दाल, रु २० मा २५०० के.जी. नुन लगायत खाद्यान्न खुल्ला कोटेशन दररेटबाट खरिद गरेको |
| २ | खाजा, खाना, नास्ता र पानी | ११९६३८२ | ७ वटा क्वारेन्टाइन ,१ वटा आइसोलेशन, ६ वटा हेल्प डेक्स संचालन |
| ३ | क्वारेन्टाइन व्यवस्थापन | १८४४९८९ | ७ वटा क्वारेन्टाइन मध्ये ५ वटा विद्यालय भवनमा र १ वटा लखनदेहि नदि किनार र १ वटा गा.पा. भवनमा तथा वडा नं. ४ सुन्दरपुरमा १ वटा ,आइसोलेशन, ६ वटा विभिन्न स्थानमा हेल्प डेक्स व्यवस्थापन गर्दा खर्च |
| ४ | स्वास्थ्य सामाग्री खरिद | २३४२०४५ | गंगा सप्लायर्स सुदिप ट्रेडर्स,अरनभ विजनेश एक्सपलोर, गिताञ्जली मेडिसिन लगायत विभिन्न फर्मबाट मास्क, सेनिटाइजर, इन्फ्रारेड थर्मोमिटर, ह्याण्ड सेनिटाइजर, बुट गाउँन, एप्रोन साबुन लगाएत खरिद/ PPE सेट रु ३५०० देखि ४००० सम्म के.एन. ९५ मास्क रु ३०० देखि ५५० सम्म र इन्फ्रारेड थर्मोमिटर रु ४८७० र सर्जिकल मास्क रु १५ का दरले खरिद गरेको देखिन्छ । |
| ५ | त्रिपाल खरिद | ७७५४०६ | ६०० थान त्रिपाल विक्री ट्रेर्डस र अभि ट्रेर्डसबाट खुल्ला कोटेशनबाट क्वारेन्टाइन लगाएतको प्रयोजनको लागि खरिद । |
| ६ | छपाई खर्च | १४०६८५ | राहत अनुदानको लगत वितरण सम्बन्धी न्यू लक्ष्मी अफसेट प्रेसको बिल भुक्तानी |
| ७ | इन्धन खर्च | १७००२४ | ओम ट्रेर्डसको डिजेल १४६४ लि र प्रट्रोल २६९ लि लगायत विभिन्न स्वास्थ्य फर्मको साधनमा इन्धन प्रयोग वापत बिल भुक्तानी |
| ८ | दै.भ्र.भत्ता | ५६७०० | RDT and PCR स्वाव संकलन गर्न मलंगवा अस्पताल लगायतबाट ल्याव टेक्निसियन र स्वास्थ्यकर्मीको दैनिक भ्रमण भत्ता |
| ९ | सूचना | ५१००० | राष्ट्रिय लोकतन्त्र दैनिक लाई भुक्तानी |
| १० | साबुन | ४२९४० | १० कार्टुन लाइफ ब्वाइ साबुन साह किराना पसलको बिल भुक्तानी |
| ११ | प्रोत्साहन भत्ता | ११५५१५० | चैत्र देखि अषाढ सम्म स्वास्थ्यकर्मीहरुलाई खाना, खाजा वापत दैनिक रु |

| | | | |
|---|---|---|---|
| | \| \| \| ५०० का दरले भुक्तानी \|<br>\| जम्मा \| १३२२६३४६ \| \| | | |
| १०३.१. | **प्रोत्साहन भत्ताः** पालिकाले २०७६ चैत्र देखि २०७७ असार मसान्त सम्ममा सबै स्वास्थ्यकर्मीहरुलाई रु.११५५११५०। प्रोत्साहन भत्ता वापत खर्च लेखेकोमा सोही अवधिमा सट्टा विदा र नाईट डिउटी वापत भनी ८५६६७८।मिति २०७७ /३/१९ गो.भा.नं ५६ बाट खर्च लेखेकोले दोहोरो सुविधा लेखेको देखिएकोले उक्त अवधिको सटा विदा वापतको रकम एकिन गरी असुल गर्नु पर्ने रु. | ८५६६७८ |
| १०३.२. | **स्वास्थय सामाग्री खरिद -** स्वास्थ्य सामाग्री खरिदको सम्बन्धमा म.ले.प. कार्यालयले तर्जुमा गरेको अनुसारका दररेट परिमाण स्पेशिफिकेशन लगायत विस्तृत विवरण भरी उपलब्ध गराउन अनुसूची फारम दिएकोमा स्वास्थ्य सामाग्री, खाद्यान्न, प्रोत्साहन भत्ता र विविध खर्च भनी एक मुष्ठ भरी पेश गरेबाट उक्त विवरणको विश्लेषण गर्न सकिएन । | |
| १०३.३. | **राहत वितरण —** गाँउ कार्यपालिकाको २०७६/१२/२१ गते बसेको बैठकको निर्णयानुसार ९ वटै वडामा बसोबास गर्ने असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरु र विपन्न नागरिकहरुलाई वडाको सिफारिश अनुसार चामल ३० के.जी. , दाल ३ के.जी. , नुन २ के.जी. , खाने तेल २ लिटर, चिनी २ के.जी र साबुन ४ वटा को राहत प्याकेज तयार गरी वितरण गर्ने निर्णयानुसार जय माँ भण्डार, गौरी शंकर एग्रो इ. र साह किराना ट्रेर्डसबाट दाल, चामल, नुन, तेल , चिनी र साबुन गरी रु.५४,५१,०२५/- खरिद गरेकोमा उक्त खाद्यान्न सम्बन्धित व्यक्तिहरुलाई वितरण गरी भरपाई पेश गर्नु पर्नेमा हाल सम्म भरपाई पेश नभएकोले भरपाई पेश गर्नु पर्ने रु. | ५४५१०२५ |
| १०३.४. | **क्वारेन्टाइन व्यवस्थापन —** ७ वटा क्वारेन्टाइन, १ वटा आइसोलेशन ६ वटा हेल्प डेक्स संचालन व्यवस्थापन गर्दा खाना खाजा नास्ता रु ११९६३८२/- गरी स्वास्थ्य सामाग्री रु २३४२०४५/- त्रिपाल ७७५४०६/- प्रोत्साहन भत्ता रु ११५५११५०/- गरी कुल खर्च ५४६८९८३/- खर्च भएकोमा क्वारेन्टाइन तथा आइसोलेशनमा के कति बिरामी कति दिन बसोबास गरे र क्वारेन्टाइनको बेड संख्या समेतको विवरण पेश गर्ने पर्नेमा विवरण पेश नभएको रु. | ५४६८९८३ |
| १०३.५. | **अन्य निकायको प्रोत्साहन भत्ता —** पालिकाको क्वारेन्टाइन आइसोलेशन केन्द्र र हेल्प डेक्समा खटिएका स्वास्थ्यकर्मी, कार्यालय सहयोगी र सुरक्षाकर्मीहरुलाई खटिएको दैनिक रु ५००/- का दरले खाना र खाजा वापत प्रोत्साहन भत्ता उपलब्ध गराइएको देखियो । यसरी ९ जना प्रहरी सुरक्षाकर्मीहरुलाई दैनिक रु ५००/- का दरले खाना र खाजा वापत प्रोत्साहन भत्ता १८ दिन देखि ४२ दिनसम्मको रु १५३०००/- खर्च लेखेको देखियो । प्रहरी सुरक्षाकर्मी अन्य निकायको कर्मचारी भएको उनिहरुलाई सम्बन्धित कार्यालय वाटै खाना खाजा वापत प्रोत्साहन भत्ताको व्यवस्था भएको हुँदा पालिकाबाट समेत लेख्दा दोहोरो सुविधा हुने र यस्तो खर्च रकमले पालिकाको आफ्नै वास्तविक खर्च नदेखिएने हुँदा बजेट अनुशासन विपरित हुने देखिन्छ । अत्तः प्रहरी सुरक्षाकर्मी ९ जनालाई खाजा खाना वापत रु.१५३०००/- दिएकोमा दोहोरो भुक्तानी नभएको प्रमाण पेश हुनु पर्ने अन्यथा कर कट्टी गरेको रकम बाहेक भुक्तानी रु.१३००५०/- असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्ने रु. | १३००५० |
| | **ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)** | |
| १०४. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ मा तोकिएको शर्त पूरा भएका व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराएको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता दिने र दफा २१ मा लाभग्राहीको बिबरण एम आइ एस मा प्रबिष्ट नभइ सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा प्राप्त नहुने व्यवस्था रहेको छ । कार्यालयले २०७७ असार मसान्त सम्म एम आइ एस मा अनलाइन इन्ट्री नगरेको मेनुअल लगतको आधारमा लाभग्राहीको खातामा रकम भुक्तानीको लागी बैंकमा पठाएको देखियो । एम आइ एसमा नाम नभएको व्यक्तिलाई बैंक मर्फत वितरण गरेतापनि कार्यालयले एम आइ एसमा नाम दर्ता गराई भत्ता वितरण गर्नु पर्ने साथै वितरण भएको भत्ताको कार्यालय अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने देखिन्छ। | |
| १०४.१. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्नेमा यो आ.व.मा बैंक मार्फतबितरण को लागि एन आइसी एशियालाई प्रथम रु.२२७३८८००।, | |

| | | |
|---|---|---|
| | दोश्रो रु.२३५५६८००। र तेश्रो रु.२३६०६४००। गरी रु.६९९०२२००। निकासा दिएकोमा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा गाउँपालीकालाइ विद्युतीय माध्यममा सो अनुसारको बिबरण पेश गरेको देखिएन । जसबाट कति रकम वितरण भयो र कति बाँकी छ, एकीन गर्न सकिएन ।कार्यालयले यथा शिघ्र कार्यविधि अनुसारको लाभग्राहीको खातामा जम्मा गरेको विवरण र बाँकी रकम फिर्ता गर्नु पर्ने समेत रु. | ६९९०२२०० |
| १०४.२. | **बढी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ६ को तोकिएको दर बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने व्यवस्था छ ।वडा नं.५ का पूर्ण आपाङ्ग दिपिया देवी कुम्हार रु.१२०००। का दरले तिनटै किस्ताको रु.३६०००।भुक्तानी गर्नुपर्ने रु.४८०००। भुक्तानी गरेकोले बढी भुक्तानी असुल उपर गर्नु पर्ने रु. | १२००० |
| १०४.३. | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| १०४.४. | **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ बमोजिम स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विहे गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, एक आ.व. को बैंकबाट वितरण भएकोमा लगातार १ वर्ष सम्म खाता निस्क्रीय भएमा, एक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकबाट आ.व. २०७६।७७ मा लाभग्राहिको लगटकट्टा गरेको विवरण पेश भएको छैन । जसबाट वास्तविक लाभग्राहीको संख्या एकिन गर्न सकिएन । | |
| १०४.५. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। | |
| १०४.६. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| १०४.७. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| १०५. | **आन्तरिक आय ठेक्काः** पालिकाले निम्नानुसार को आय ठेक्का प्रमथ पटक २०७६/५/३ मा वोलपत्र माग गरेकोमा कुनै पनी दर्ता नभएको भनी २०७६।८।१९ को निर्णयले न्यूनतम अंक घटाई दोस्रो पटकमा ठेक्का व्यवस्था गरेको देखियो। कार्यालयले वार्षिक न्यूनतम अंक निर्धारण गर्दा वास्तविक आय हुन सक्ने विश्वलेषण गरेर मात्र गर्नुपर्नेमा वोलपत्र नपरेको कारणले मात्र न्यूनतम अंक घटाउनु उपर्यूत देखिदैन । कवोल रकम मध्ये असूल हुन वाँकी रकमको कार्यालयले लगत राखी असूल गर्नुपर्ने रु. | २३१५५०० |

| सि.नं. | ठेक्का | वार्षिक न्यूनतम अंक | संशोधित न्यूनतम अंक | कवोलकर्ता | रकम | **यस वर्षको असुली** | **वाँकी** |
|---|---|---|---|---|---|---|---|
| १ | सुन्दरपुर धमियाही कि.नं.३७ क्षे.२-१३- | ३५ लाख ५ वर्षको | २०००००० | मो. समिर चक्रघट्टा-३ | २०५०००० | १०५०००० | १०५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १२ को पोखरी ठेक्का | | | | | | |
| २ | कि.नं.८५ क्षे.२-१५-९ को पोखरी ठेक्का | ४० लाख<br>५ वर्षको | २०००००० | मो. समिर चक्रघट्टा-३ | २०५०००० | १०५०००० | १०५०००० |
| ३ | चक्रघट्टा बजार | २ लाख<br>२ वर्षको | १००००० | नवाज ट्रडर्स | २७०००० | १०७००० | १६३००० |
| ४ | वेल्ही बजार | २ लाख<br>२ वर्षको | १००००० | हरिनारायण राय | १०५००० | ५२५० | ५२५०० |
| ५ | औरही वजार | १५००००<br>२ वर्षको | ७५००० | - | - | - | - |
| | **जम्मा रकम** | | | | ४४७५००० | २२५९५०० | २३१५५०० |

१०५.१. उपरोक्तानुसारको कवोल रकममा मूल्य अभिवृद्धीकर एन २०५२ वमोजिम विक्री आयमा १३ प्रतिशत मूल्य अभिवृद्धीकर समेत थप गरी असूल गर्नुपर्नेमा असूल नगरेकोले सकारकर्ताबाट कर करम असूल हुनुपर्ने रु. ५८१७५०

१०५.२. कार्यालयबाट प्राप्त विवरण अनुसार नगदी तथा मालपोत रसिद ठेलीको स्थिति निम्मानुसार रहेको देखियो ।

| ठेलीको प्रकार | गत वर्षको मौज्दात ठेली | छपाएको ठेली | खर्च ठेली | बाँकी ठेली |
|---|---|---|---|---|
| नगदी | २७५१-५०००<br>**(४५ थान)** | - | ३६५१-५०००<br>**(२७ थान)** | २७५१-३६००<br>**(१८ थान)** |
| मालपोत | २१५१-२५००<br>**(७ थान)** | १-२५५०<br>**(५१ थान)** | २१५१-२५००<br>१-१०५०<br>**(२८ थान)** | १०५१-२५५०<br>**(३० थान)** |

१०५.३. **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

१०५.४. **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०५.५. **मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले मनोरञ्जन कर असुल गरेको देखिएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

१०५.६. दरभाउपत्र तथा बोलपत्र फारम बिक्री गरेको नगदी रसिद र बिक्री रजिष्टर माग गरेकोमा पेश नभएकोले कति राजश्व प्राप्त भई कति दाखिला भएको हो यकिन गर्न सकिएन । कार्यालयले छानविन गरि असुली रकम दाखिला गर्नु पर्न देखिन्छ ।

१०६. **रसीद ठेली पेश नभएको-**आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ को दफा १२ र १३ मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय प्रमुखले १०दिन ढिलो गरे १० प्रतिशत, १५ दिन ढिलो गरे १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरे २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रानुसार प्रचलित कानून वमोजिम विभागीय कारवाहीसमेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाबाट नगदी रसिद बुझीलिने वडा कार्यालयहरुले दैनिक आर्जन गरेको राजश्व रकम राजश्वको दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८)मा दैनिक रसिद नम्वर र रकम खुलाई लेखाकंन गर्नु पर्नेमा गरेको देखिएन ।लेखापरीक्षण क्रममा वडा सिचवहरुले बुझेका निम्न रसिद ठेलीहरु पेश नभएकोले वास्तविक आम्दानि एकिन गर्न सकिएन। पेश नभएका ठेलीहरुको सम्बन्धमा छानविन गरी राजश्व आर्जन गरेको भए हर्जना सहित दाखिला गरि सम्बन्धित व्यक्तिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । साथै उत्त ठेलीहरु

लेखापरीक्षाणलाई पेश गरिनु पर्दछ ।

| रसिद बुझेको नाम र पद | रसिद नं. | ठेली संख्या | ठेलीको प्रकार |
|---|---|---|---|
| रमेश राई | २३५१-२४००,५५१-६०० | २ | मालपोत |
| वडा सचिव शिवकान्त चौधरी | ७५१-८०० | १ | मालपोत |
| कार्यालय सहायक ईन्दु कुमारी साह | ३००१-३०५० | १ | नगदी |

१०७. आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ को दफा १२ र १३ मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय प्रमुखले १०दिन ढिलो गरे १० प्रतिशत, १५ दिन ढिलो गरे १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरे २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रानुसार प्रचलित कानून वमोजिम विभागीय कारवाहीसमेत गर्न गराउन सक्ने व्यवस्था छ ।लेखापरीक्षण गर्दा देखिएको अनियमितालाई कार्यालय २५ प्रतिशत जरिवानसहित असुल उपर गर्नुपर्ने रु.

| सि.नं. | रसिद काट्ने काम | प्राप्त भएको | दाखिला भएको | घटी रकम |
|---|---|---|---|---|
| १. | वडा सचिव मो. सलाहुदीन | ३०८३२ | ३०००० | ८३२ |
| २. | वडा सचिव रमेश राई | २१७७८ | १९५७६ | २२०० |
| ३. | वडा सचिव शिवाकान्त चौधरी | १६७७३ | - | १६७७३ |
| | जम्मा | | | १९८०५ |

१९८०५

**धरौटी तर्फः**

१०८. **धरौटीः** गत बर्षको मौज्दात रु.१७१७५०। मा यस बर्ष आम्दानी रु.२९३०२५४। भइ कुल रु.३१०१९०४। मा रु.१३२८९१०। फिर्ता जनाइ रु.१७७२९९४। मौज्दात रहेको आर्थिक बिबरण पेश भएको छ।

१०८.१. कार्यालयबाट धरौटि बाकीको नामनामेसि बिबरण पेश भएन ।जसबाट मौज्दात कस कसको हो एकिन गर्न सकिएन ।नामनामेसी बिबरण तयार गरी नाम नखुलेको धरौट सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

१०९. **पेश्कीः** देहायको संघसंस्था, पदाधिकारीहरुले निम्न व.उ.शि.नं. बाट विभिन्न कार्यक्रम वापत लिएको पेश्की आ.व. को अन्त्यसम्ममा फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्वा ऐन २०७६ वमोजिम कार्य सम्पन्न गरी बिल भरपाई पेश गरी फछ्र्यौट गर्नु पर्ने रु.

| गो.भौ.नं./पेश्की मिति | पेश्की लिनेको नाम | पेश्की बाँकी | कैफियत |
|---|---|---|---|
| १३३ र १५७-२०७७/०३/३० | वडा अध्यक्ष प्रेम राय यादव | १९७०००० | वितिय समानिकरण पुजिगत तर्फ |
| ४६-२०७७/०२/३२ | जनता मा.वि.औरही | १५०००० | वितिय समानिकरण पुजिगत तर्फः |
| १४-२०७७/०१/२९ | श्रीराम निर्माण सेवा | ६६०००० | स्वास्थ्य शसर्त अनुदान तर्फ |
| २२-२०७७/०३/२३ | सक्षम निर्माण सेवा | ६६०००० | स्वास्थ्य शसर्त अनुदान तर्फ |
| ०४-२०७७/०३/३० | पडरिया बेल्ही झोलुङ्गे पुल निर्माण उ.स. | ३०३२३६४ | झोलुङ्गे पुल सशर्त अनुदान तर्फ |
| २६-२०७७/०२/०५ | वडा अध्यक्ष विजय साह कल्वार | ९६५०० | प्रकोप व्यवस्थापन कोषको कोरोना व्यवस्थापन पेश्की |
| ११-२०७७/०३/३० | विवाह मण्डपको भवन निर्माण उ.स.वडा नं.८ | ९२४५२४ | प्रदेश सर्शत अनुदान तर्फ |
| १२-२०७७/०३/३० | विवाह मण्डप निर्माण समिति वडा नं.६ | ९२४५२४ | प्रदेश सर्शत अनुदान तर्फ |
| जम्मा | | ८४१७९१२ | |

८४१७९१२

**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा गाउँपालिकाले सम्परीक्षण को लागि अनुरेध गरेको छैन । बाँकी बेरुजु नियमानुसार असुल फर्छ्यौट गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| | **संचित कोष तथा बेरुजुको स्थितीः** पालिकाको संचितकोषको बिबरण, बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार) र अधावधिक बेरुजु स्थिति क्रमशः अनुसुचि १, अनुसुचि २ र अनुसुचि ३ मा समावेश गरिएको छ । | |

## स्थानिय संचितकोष विवरण

## २०७६/७७

अनुसूचि १

रु हजारमा

| सि.न. | स्थानियतह | जिल्ला | आय | | | | | | | | | | व्यय | | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+६-९) |
| १ | चक्रघट्टा गाउँपालिका | सर्लाही | ७५१४८३ | ५९७४३ | ७.९५ | ५६६३४ | २३३७७२ | ४१२८६ | २७७४ | ९९५७६ | ३७७४०८ | ३४२३८ | ८८८९६ | २५०९४१ | ३७४०७५ | ५९९६७ |

## बेरुजु वर्गीकरण(विनियोजन, राज्स्व, धरौटी र अन्यकारोबार)

अनुसूची-२

| सि.न. | स्थानियतहको नाम | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेशकी | | |
| | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | चक्रघट्टा गाउँपालिका | सर्लाही | ७० | ७६ | १३५८९२ | ० | १० | ७६१४८ | ७० | ६६ | ५९७४४ | १०३७८ | ९२०१ | ३२६५२ | ० | ० | ४१८५३ | ४१५ | ७०९८ | ७५१३ |

## अध्यावधिक बेरुजु स्थिति

| क.स. | स्थानियतहको नाम | जिल्ला | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चक्रघट्टा गाउँपालिका | सर्लाही | ११०६६१ | ० | ० | ० | ० | ० | ११०६६१ | ५९७४४ | १७०४०५ | ८१३६ |